# नमाज़े मस्नून

लेखक
मुख़्तार अहमद नदवी

तर्तीब
सुलैय् इस्लामिक सेंटर को विदेशी विभाग

नेपाली 6101003

सुलैय् इस्लामिक सेंटर
टेलीफोन न० २४१०६१५ /२४१४४८८ फैक्स एक्टेंशन २३२

"सल्लू कमा रऐ तोमूनी वोसल्ली" (हदीस)

अर्थ-नमाज यस्तो पढ़ जस्तो मलाई पढ़दा देखेका छौं

# नमाजे मसनून

लेखक :

मौलाना मुख्तार अहमद साहब "नदवी"

अनुवादक :

मोहम्मद इदरीस "नेपाली"

शिक्षक-जामिया सिराजुल उलूम

# भूमिका

यस पुस्तकमा नमाजको आवश्यक समस्याहरू र दोआ (मंत्र) हरूलाई एकात्रित गरिएको छ, र यसलाई झन् सजिलो बनाउनलाई प्रयास गरिएको छ। साथै हरेक समस्याहरूको छानबीन कुर्आन व हदीसको प्रकाशमा गरिएको छ। कुर्आन व हदीसको नाम हरेक कुराको अन्तमा ( ) कोष्टमा लेखिएको छ। यस प्रकार यो सानो पुस्तकमा रसूलुल्लाह सल्लल्लाहो अलैहे वसल्लमको नमाजको वास्तविक र प्रमाणित संग्रह बनेको छ।

यो किताब दारूस्सलफिया को प्रख्यात पुस्तक "सलातुन्नबीको" संक्षिप्त र सरल नेपाली अनुवाद हो। यो पुस्तक हरेक नेपाली मुसलमानहरूका लागि विशेषतय पहाडी भेगका मुसलमान हरूका आवाश्यकतालाई अनुभव गरि उलथा गरेको छु। किन भने हाम्रा पहाडी भेगका मुसलमानहरू इस्लामसित अपरिचित र अनभिज्ञ छन। अर्बी, उर्दू भाषा उनीहरूलाई बुझ्न त झन् अपठ्यारो छ।

यसले म यो पुस्तक नेपाली राष्ट्रीय भाषामा अनुवाद गरेको छु। र हाम्रो मदरसा सिराजुल उलूमको तर्फबाट यो पुस्तक नि:शुल्क दिनका लागि प्रकाशित गरेको छ। मलाई आशा छ कि यो पुस्तक हाम्रा नेपाली मुसलमान दाजु भाईहरू र दिदी बहिनी तथा छात्र छात्राहरूका अध्यनका लागि अति लाभप्रद सिद्ध हुने छ। पाठक वर्ग र शिक्षित महानुभावहरू यसको सम्मान गर्ने छन्। साथै यसमा केही त्रुटि देखा परेमा मलाई क्षमा गरेर सूचित गर्नु होला जसको सुधार अर्को एडीशनमा हुन सकोस्।

अन्तमा अल्लाह सित प्रार्थना के छ भने मेरो यस सानो कार्य एवं प्रयासलाई सफल पारून। र यसको माध्यम बाट मुसलमान हरूलाई सुन्नते नब्वी को बमोजिम नमाज पढ्नलाई ज्ञान प्रदान गरोस्। (आमीन)

अनुवादक :
इस्लाम धर्मको सेवक
मोहम्मद इदरीस "नेपाली"
पता-नगर पंचायत कपिलवस्तु, तौलिहवा
वार्ड नं० १ बहुवा।
पोस्ट र जिल्ला-कपिलवस्तु, तौलिहवा (नेपाल)

# विषय-सूची


| क्र० सं० | शीर्षक | पृष्ठ संख्या |
|---|---|---|
| १- | इस्लामको आधार | १ |
| २- | नमाज | १ |
| ३- | प्रत्येक नमाजको रकअत हरूका संख्या | २ |
| ४- | वजू गर्ने विधि | २ |
| ५- | वजू पछिको दोआ | ४ |
| ६- | यी कुराले वजू भंग हुन्छ | ४ |
| ७- | मोजाहरू माथि मसह | ५ |
| ८- | तयम्मुमको वर्णन | ५ |
| ९ | अजानको वर्णन | ५ |
| १०- | तकवीरको ताकशब्द | ७ |
| ११- | अजान र तकवीर को जवाफ | ८ |
| १२- | अजान पछिको दोआ | ८ |
| १३- | मस्जिदमा प्रवेश र निकाषको दोआ | १० |
| १४- | नमाजको मसनून तरीका | ११ |
| १५- | मसअलः | १२ |
| १६- | सूरः फातेहा | १३ |
| १७- | सूरः इखलास | १४ |
| १८- | रुकूअको वर्णन | १५ |
| १९- | कौमाको बयान | १५ |
| २०- | सजदःको वर्णन | १६ |
| २१- | जलसए इस्तराहत | १७ |
| २२- | तशहहुद | १८ |
| २३- | आखिरी कअदः | १९ |

| क्र० सं० | शीर्षक | पृष्ठ संख्या |
|---|---|---|
| २४– | दरूद शरीफ पछिको दोआ | २० |
| २५– | सलाम गरिसके पछिको दोआ | २१ |
| २६– | वित्र नमाजको वर्णन | २४ |
| २७– | कोनूते नाजेला: | २५ |
| २८– | नमाजको आवश्यक समस्या | २७ |
| २९– | जुमाको वर्णन | २७ |
| ३०– | नमाजे ईदको वर्णन | २८ |
| ३१– | नमाज जनाजहको वर्णन | २९ |

बिस्मिल्ला हिर्रह मानिर्रहीम

# इस्लामको आधार

इस्लामको जग पाँच कुराहरू माथि स्थित छ ।

## १– कलमए शहादत :–

"अशहदो अल्लाइलाहा इल्लल्लाहो व अशहदो अन्ना मोहम्मदन अब्दोहू व रसूलोहू" ।

### अर्थ—

म गवाही दिन्छु, यस कुराको कि अल्लाह बाहेक अरू कोही पूजनीय छैन, र म गवाही दिन्छु यस कुराको कि निः सन्देह हजरत मोहम्मद (वहाँ माथि शान्ति होस्) अल्लाहको सेवक र रसूल हुन् ।

## २– दिन र रातीमा पाँच चोटि नमाज पढ्नु ।

## ३– ज़कात (दान) दिनु ।

## ४– रमज़ानुल मोबारकको रोज़ा राख्नु ।

## ५– यदि खर्च गर्नको क्षमता छ भने बेतुलाह को हज गर्नु । (मुस्लिम शरीफ)

## नमाज

नमाज दिन र रातीमा पाँच चोटि पढ्नु अनिवार्य छ । जोहर, असर, मग्रिब, एशा र फज्र । जोहर र असर दिनको नमाज हुन,

मग्रिब र एशा रातीको नमाज हुन र फज्रको नमाज बिहानै सूर्योदय भन्दा अघिको हो।

## नमाज़को रकअतहरूका संख्या :—

### नमाजे फज्र :—

पहिला दुई सुन्नत फेरि दुई फर्ज।

### नमाजे जोहर :—

पहिला चार सुन्नत, फेरि चार फर्ज फेरि दुई सुन्नत।

### नमाजे असर :—

चार फर्ज मात्र।

### नमाजे मग्रिब :—

पहिला तीन फर्ज. अनि दुई सुन्नत ।

### नमाजे एशा :—

पहिला चार फर्ज, अनि दुई सुन्नत, र एक वा तीन रकअत वित्र।

दिन र रातीको फर्ज नमाजहरूका संख्या १७ सत्तरह रकअत, र सुन्नत १२ बारह रकअत, वित्र एक वा तीन रकअत ।

## वजू गर्नको तरीका

बिना व.जूको नमाज हुँदैन । (मुस्लिम) वजूको शुरूमा "बिस्मिल्लाह" पढ्नु अनिवार्य छ। बिस्मिल्लाह पछि तीन चोटि दुबै हात नाडीसम्म धुनु, फेरि तीन चोटि कुल्ला गर्नु, फेरि तीन चोटि नाकमा पानी हाल्नु र नाकलाई देब्रे हातले सफा गर्नु र

नाकमा पानी हाल्नका लागि बेग्ला बेग्लै (बारम्बार) पानी लिनु जायज छ। (बोखारी)

फेरि तीन चोटि मुख धुनु, फेरि एक चुल्लु पानी लिएर दाह्री को चिउड़ो को तल सम्म हालेर दाह्रीको खिलाल (दाह्री भित्र औंला फेर्ने) गर्नु। (अबुदाऊद)

फेरि आफ्नो दाहिना हात कुइना सम्म तीन बार धुनु, यस्तै विधिले देब्रे हात पनि कुइना सम्म तीन बार धुनु। (तिरमिजी)

फेरि हातको औंलाहरूमा खिलाल (औंलाको जरोमा औंला घस्नु) गर्नु। (अबुदाऊद)

यदि औंठी लाएको भए त्यसलाई डोलाउनु पर्छ। (मिस्कात शरीफ) फेरि टाउकाको मसह (घसने क्रिया) यस तरीकाले गर्नु कि दुवै हात टाउका को सामुन्नेको छेऊ देखि शुरू गरेर गुदीसम्म लैजाउ, फेरि वहाँ देखि उही तरीकाले फर्काएर शुरू गरेको ठाउँमा ल्याउनु पर्छ। (बोखारी वा मुस्लिम)

फेरि कानहरूको मसह यस प्रकार गर्नु कि दुवै हातको चोर औंलाले दुवै कानहरूका भित्र हालेर कानहरूका पिठ्यूँ माथि बूढ़ी औंलाहरूका साथ गर्नु। (मिस्कात) र कानका मसहको लागि अर्को पानी लिनु (बलुगुलमराम)

फेरि आफ्नो दायाँ खुट्टा फेरि बायाँ खुट्टा गोली गाँठसम्म तीन चोटि धुनु र खुट्टाहरूको औंलाहरूको बीच खिलालगर्नु। गर्दनको मसह गर्नु प्रमाणित छैन।

## वजू पछि को दोआ

वजू पछि यो दोआ पढ्नु पर्छ :-

"अशहदो अल्लाइलाहा इल्लल्लाहो वहदहू लाशरीका लहू व अशहदो अन्ना मोहम्मदन अब्दुहू व रसूलोहू । अल्ला हुम्मज अलनी मिनत्तौवाबीना वजअलनी मिनल मोतातहहेरीन" ।

## अर्थ :—

म के गवाही दिन्छु भने अल्लाह बाहेक कोही पूजनीय छैन । उ एकलै छ उसको कोही भागी छैन, र के गवाही दिन्छु भने निःसन्देह मोहम्मद (वहाँ माथि शान्ति होस्) उसको सेवक र रसूल हुन् । हे अल्लाह मलाई तोवा (दृढ़ प्रतिज्ञा) गर्नेहरू मध्ये बनाई देऊ र साह्रै स्वच्छ सुकर्मीहरू मध्ये बनाई देऊ ।

## यी कुराहरू ले वजू भंगहुन्छः—

(१) मस्त निद्रामा सुत्नाले (अवुदाऊद)

(२) हावा खुस्किनाले (तिरमिजी, अवुदाऊद)

(३) नशा र बेहोशीले (तिरमिजी, अवुदाऊद)

(४) जनाबत (स्वपनदोष) र मैथुनले (तिरमिजी, अवुदाऊद)

(५) पिशाब र पाईखानाले (बोखारी, मुस्लिम)

(६) स्त्री प्रसंग (मुजाअमत) ले (सूरः निसा ४३ कुर्आन)

(७) इस्तेहाजः ले (त्यो रगत जुन रोगको कारणले मासिक धर्मका समयको बाहेक अरू दिनमा पनि आउंछ । त्यसलाई इस्तेहाजः भन्दछन) (बोखारी)

## मोजाहरु माथि मसह :—

स्थानीय मानिस एक दिन र एक राती सम्म, र यात्रु मानिस तीन दिन र तीन राती सम्म आफ्नो मोजा माथि मसह् गर्न हुन्छ। मसह् गर्ने तरीका यो हो कि दुबै हातको पांच वटै औंलाहरू पानीमा भिजाएर दुबै खुट्टाको पञ्जा देखि शुरू गरेर गोली गांठ को माथि सम्म तान्नु पर्छ। खुट्टाको मसह माथि गर्नु सुन्नत हो, तल होइन। (तिरमिजी शरीफ)

## तयम्मुमको बयान :–

यदि कुनै कारणले नमाजको बेला पानी मिल्न न सकेमा वा हानिकारक सिद्ध भएमा पवित्रताको नियतले पवित्रमाटो संग आफ्नो हात र मुख माथि घस्नुलाई तयम्मुम भन्दछन यसको नियम यो हो कि तयम्मुमको नियतले बिस्मिल्लाह् पढ़ेर दुबै हात माटो माथि घस्नु फेरि फुकेर मुख र दुबै हात माथि मल्नु हो। (बोखारी)

## अजानको बर्णन :–

रसूलुल्लाह सल्लल्लाहो अलैहे वसल्लम (वहाँ माथि शान्ति होस्) ले हज़रत बिलाललाई हुक्म दिइ बक्सियो कि अजानको शब्दहरू दुई-दुई चोटि भनुन, तर शुरूमा अल्लाहो अकबर चार चोटि भनुन्। र तकबीर एक-एक चोटि तर शुरू र अन्तमा अल्लाहो अकबर दुई चोटि भनुन। र "कदकामतिस्सलाह" चाहिं दुई चोटि भन्नु पर्छ (बोखारी, मुस्लिम)

अजानलाई प्रारम्भगर्नं शुरू शब्द यि हुन् :—

"अल्लाहो अकबर" (अर्थ- अल्लाह सबै भन्दा महान हो)

"अल्लाहो अकबर" (अर्थ- अल्लाह सबै भन्दा महान हो)

"अल्लाहो अकबर" (अर्थ- अल्लाह सबै भन्दा महान हो)

"अल्लाहो अकबर" (अर्थ- अल्लाह सबै भन्दा महान हो)

"अश्हदो अल्लाइलाहा इल्लल्लाह" (अर्थ- म के गवाही दिन्छु भने अल्लाह बाहेक कोही पूजनीय छैन)

"अश्हदो अल्लाइलाहा इल्लल्लाह" (अर्थ- म के गवाही दिन्छु भने अल्लाह बाहेक कोही पूजनीय छैन)

अश्हदो अन्ना मोहम्मदर्रसूलुल्लाह" (अर्थ- म साक्षी बस्छु कि पैम्बर मोहम्मद (वहाँ माथि शान्ति होस्) अल्लाहका रसूल हुन)

"अश्हदो अन्ना मोहम्मदर्रसूलुल्लाह" (अर्थ- म साक्षी बस्छु कि पैम्बर मोहम्मद (वहाँ माथि शान्ति होस) अल्लाहका रसूल हुन)

"हय्या अलस्सलाह" (अर्थ- नमाजको लागि आउनु होस्)

"हय्या अलस्सलाह" (अर्थ- नमाजको लागि आउनु होस्)

"हय्या अललफलाह" (अर्थ- मुक्तिको लागि आउनु होस्)

"हय्या अललफलाह"    (अर्थ- मुक्तिको लागि आउनु होस्)
"अल्लाहो अकबर"    (अर्थ- अल्लाह सबै भन्दा महान हो)
"अल्लाहो अकबर"    (अर्थ- अल्लाह सबै भन्दा महान हो)
"लाइलाहा इल्लल्लाह" (अर्थ- अल्लाह बाहेक कोही पूजनीय छैन)

फज्र को अजानमा 'हय्या अललफलाह" भने पछि दुई चोटि यो शब्द भन्नु पर्दछ।

"अस्सलातो खैरुम् मिनन नौम" (अर्थ- नमाज सुत्नु भन्दा बेश हो)
"अस्सलातो खैरुम् मिनन नौम" (अर्थ- नमाज सुत्नु भन्दा बेश हो)

## तकबीर को ताक शब्द :—

'अल्लाहो अकबर, अल्लाहो अकबर। अशहदो अन्लाइलाहा इल्लल्लाह; अशहदोअन्ना मोहम्मदर्रसूलुल्लाह, हय्या अलस्सलाह, हय्या अललफलाह, कदकामतिस्सलाह, कदकामतिस्सलाह, अल्लाहो अकबर, अल्लाहो अकबर, लाइलाहा इल्लल्लाह।"

अब्दुल्लाह इब्ने उमर रजिअल्लाहो अन्होले भन्नु हुन्छ कि रसूलुल्लाह सल्लल्लाहो अलैहे वसल्लम (वहाँ माथि शान्ति होस्) को पालामा अजानको शब्द दुई दुई चोटि र तकबीर एक एक चोटि भनिन्थ्यो। "कदकामतिस्सलाह" बाहेक जुन दुई चोटि छ। (अबुदाऊद, नसई)

अजान दिने बखत दुबै हातको चोर औंलालाई दुवै कान को प्वालमा हाल्नु पर्छ (इब्ने माजः) "हय्या अलस्सलाह" भन्दा दायाँ तिर र "हय्या अललफलाह" भन्दा बायाँ तिर गर्दन घुमाउनु पर्छ। तर स्वयम घुम्नु पर्दैन।

## अजानको जवाफ :—

मोअज्जिन (अजान दिने व्यक्ति) ले जुन किसिमले अजान दियोस्, उस्तै किसिमले उसको जवाफ दिनु पर्छ. अर्थात त्यही शब्द दोहन्याउनु पर्दछ। "हय्या अलस्सलाह" र "हय्या अललफलाह" भनिदा मात्र "लाहौला वला कूव्वता इल्ला बिल्लाह" भन्नु पर्दछ। (मुस्लिम)

## तकबीर को जवाफ :—

अजान जस्तै तकबीरको पनि जवाफ दिनु पर्दछ। "कदकामतिस्सलातको जवाफमा मात्र "अकामहल्लाहो व अदामहा" भन्नु पर्दछ। (अबुदाऊद)

## अजान पछि को दोआ (स्तुती)

रसूलुल्लाह सल्लल्लाहो अलैहे वसल्लम (वहाँ माथि अल्लाहको शान्ति होस्) को हुक्म के छ भने जब मोअज्जिन को आवाज सुनाई परोस,। त जस्तै त्यो भनोस उस्तै उसको जवाफ दिनुस्। अजान जब समाप्त होओस त म माथि दरूद पठाउनुस्। जुन व्यक्ति एक चोटि म माथि दरूद पढ्छ। अल्लाह उस माथि दश चोटि दया (रहमत) उत्रित गर्छ। (मुस्लिम)

## दरूद शरीफ :—

"अल्लाह हुम्मा सल्ले अला मोहम्मदिंव व अला आले मोहम्मदिन कमा सल्लैता अला इब्राहीमा व अला आले इब्राहीमा इन्नका हमीदुम्मजीद। अल्ला हुम्मा बारिक अला मोहम्मदिंव व अला आले मोहम्मदिन कमा बारक्ता अला इब्राहीमा व अला आले इब्राहीमा इन्नका हमीदुम्मजीद"।

अर्थ :–

हे अल्लाह दयागर मोहम्मद माथि र उनको परिवार माथि जस्तो कि दया गऱ्यो तिमीले इब्राहीम र उनको परिवार माथि निःसंदेह तिमी प्रशंसाको पात्र महान हो। हे अल्लाह कल्याण (बरकत) गर मोहम्मद माथि र उनका परिवार माथि जस्तो कल्याण (बरकत) गऱ्यो तिमीले इब्राहीम माथि र उनको परिवार माथि निःसन्देह तिमी प्रशंसाको पात्र महान हो।

## दरूद शरीफ पछि यो दोआ पढ्नुस :—

"अल्ला हुम्मा रब्बहा जेहिद्दअ वतित्ताम्मतेवस्सलातिल कायमते आते मोहम्मद निल वसीलता वल फाजीलता वबअसहो मकामम् महमूदा निल्लजी व अत्तह्" (बोखारो)

अर्थ :—

हे अल्लाह यस पूरा बिन्ती र उभि रहने नमाजको स्वामी मोहम्मद लाई सहारा (आश्रय) प्रदान गर, (जन्नतको दर्जा) र सुयोग्यता र उनलाई त्यस मकामे महमूदमा पठाई दिनुस् जसको तिमी वचन बाध्य भएका छौ।

जुन व्यक्ति यो दोआ (मन्त्र) पढ्ने छ उसलई तपाई मोहम्मद सल० (वहां माथि शान्ति होस) को सिफरिश प्रलयको दिन प्राप्त हुनेछ।

## तेस्रो दोआ :—

"अश्हदो अल्लाइलाहा इल्लल्लाहो वह्दहू ला शरीका लहू व अश्हदो अन्ना मोहम्मदन अब्दुहू व रसूलोहू रजीतो

बिल्लाहे रब्बौं व बे मोहम्मदिर्रसूलौं व बिल इस्लामे दीना"
(मुस्लिम)

## अर्थ :—

"म के गवाही दिन्छु भने अल्लाहको बाहेक अरू कोही पूजनीय छैन, र निःसन्देह मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम (वहाँ माथि अल्लाह को शान्ति होस्) उसको सेवक र रसूल हुन्, म राजी छु अल्लाह लाई रब (सर्वनाशी, ) हुनमा र मोहम्मद (वहां माथि शान्ति होस्) लाई रसूल हुनमा र इस्लामलाई सत्य धर्म हुनमाथि" ।

यो तीनटै दोआहरू अर्थात दरूद शरीफ र उक्त दुवै दोआहरू मध्येबाट कम से कम एउटा अथवा तीनटै दोआ पढ़नु बेश छ ।

## मस्जिदमा प्रवेश हुनको दोआ :—

मस्जिदमा पहिले आफ्नो दायाँ खुट्टा राखेर यो दोआ पढ़नु पर्दछ ।

"अल्लाहुम्मफ्तहली अबवाबा रहमतेका" ।

## अर्थ :—

हे अल्लाह मेरो निम्ति आफ्नो दयाको ढोका खोलि दिनुस ।

## मस्जिदबाट निकल्नुको दोआ :—

मस्जिद बाट निस्कनु भन्दा पहिले बायाँ खुट्टा बाहिर निकाल्नु पर्दछ र यो दोआ पढ़नुस् ।

"अल्ला हुम्मा इन्नी अस अलुका मिन फजलिका"। (मुस्लिम)

## अर्थ :-

हे अल्लाह म तिमी बाट तिम्रो दया र कृपा चाहन्छु ।

## नमाज को मसनून (वास्तविक) तरिका :

नमाज़ शुरू गर्नु भन्दा पहिले किब्ला (काबा) को तर्फ मुख गरेर उभिनु पर्दछ । (बोखारी) र हृदयमा नमाज़को नियत गर्नु पर्दछ । (बोखारी) आफ्नो दुवै हातलाई काधांको बराबरमा उठाएर "अल्लाहो अकबर" भन्नु पर्दछ । (बोखारी)

र दायाँ हात बायाँ हात माथि र छाती माथि राखेर बांधनु पर्दछ, र हृदयमा यो दोआ पढ़नु पर्दछ ।

## दोआए इसतिफ्ताह :

तकबीर तहरीमा (अल्लाहो अकबर भनेर नियत बांधनु लाई तक्बीर तहरीमा भन्दछन्) पछि केरात शुरू गर्नु भन्दा पहिले यो दोआ पढ़नु पर्दछ ।

(१) "अल्लाहुम्मा बाइद बैनी व बैना खतायाया कमा बाअत्ता बैनल मश्रिके वल मग्रिबे" ।

## अर्थ :—

हे अल्लाह मेरो र मेरो पापहरूको बीच यस्तो दूरी गरि देऊ, जस्तो पूर्व र पश्चिमको दिशामा तिमीले दूरी गरेका छौं।

(२) "अल्ला हुम्मा नक्किनी मिनल खताया कमा युनक्कस सौबुल अब यजो मिनद्दनसे"।

**अर्थ :–**

हे अल्लाह मलाई पापबाट यस किसिम सफा र पवित्र गरिदिनुस जस्तो सेतो लुगा फोहर मैलाबाट सफा गरिन्छ।

(३) "अल्ला हुम्मग्सिल खतायाया बिलमाए वस्सलजे बलबरदे"। (बोखारी)

**अर्थ :–**

हे अल्लाह मेरो पापहरूलाई पानी र वर्फ तथा असिनाले धोइ दिनुस्। (बोखारी)

यस बाहेक अर्को मन्त्र पनि उल्लेखित छन जुन मनमा लागोस त्यो पढनु पर्दछ। उचित यो छ कि इस्तेआजः को (क्षाम्यको) दोआ पढ़नु पर्दछ।

**मसअल :**

जहरी (ठूलो स्वरको) नमाजहरूमा बिस्मिल्लाहिर्रह-मानिर्रहीम ठूलो स्वरले र सीरी (मसिनो स्वरको) नमाज-हरूमा कसैले न सुन्ने गरि पढ़नु प्रमाणित छ। यदि सधैं मसिनो स्वरले पढ़नुस भने त्यो पनि जायज छ। (नसई)

## सिर्री नमाज यि हुन् :

(१) सबै बखतको सुन्नत र नफिल नमाज हरू।

(२) जोहर र असरका फर्ज नमाज हरू।

(३) मगरिबको फर्ज नमाजको अन्तिम रकअत र एशाको फर्ज नमाजको अन्तिमको दुई रकअत ।

ठूलो स्वरको नमाजमा त बिस्मिल्लाह् ठूलो स्वरले यदि ठूलो स्वरको छैन भने मसिनो स्वरले पढ़ेर सूरः फातेहा पढनु पर्दछ । सूरः फातेहा प्रत्येक नमाजमा पढ़नु अनिवार्य छ । फर्ज होस अथवा सुन्नत इमाम र समूह को साथमा भए पनि, एकलै भए पनि, हरेक नमाज र हरेक रकअतमा सूरः फातेहा पढ़नु पर्दछ । सूरः फातेहा न पढ़ेसम्म नमाज हुँदैन । (बोखारी, मुस्लिम)

फर्ज नमाजहरूमा यदि चार रकअत को छ भने पहिला दुई रकअतमा सूरः फातेहा पछि कुनै सूरः पढ़नु अनिवार्य छ । तर अन्तिमको दुई रकअतमा सूरः फातेहा मात्र पढनु पर्छ । यदि दुई रकअतको फर्ज नमाज छ भने दुइटैमा सूरः फातेहा र सूरः पढनु पर्दछ । तर सुन्नतको नमाजमा चार रकअतको भए पनि, दुईको भएपनि प्रत्येक रकअतमा सूरः र सूरः फातेहा पढनु अनिवार्य छ ।

## सूरः फातेहा :

"अल्हमदो लिल्लाहे रब्बिल आलमीन । अर्रहमानिर्रहीम । मालिके यौमिद्दीन । इय्याका नअबुदु व इय्याक नस्तईन इहदेनस्सिरातल मुस्तकीम सिरातल्लजीना अनअमता अलैहिम गैरिल मगजूबे अलैहिम वलज्जाल्लीन" । (आमीन)

अर्थ :-

"हरेक प्रकारको प्रशंसा अल्लाहको निम्ति हो। जो सम्पूर्ण संसारको पालनकर्ता हो, र बहुतै कृपालु र दयालु छ। प्रलय हुने दिनको मालिक हो। हे अल्लाह हामी तिम्रो पूजा गर्दछौ र तिमी संग सहयोग माँगदछौ, हामीलाई सोझो बाटो देखाऊ। उनीहरूको बाटो जस माथि तिमीले पुरुस्कार प्रदान गर्‍यो, न कि उनीहरूको बाटो जस माथि तिम्रो क्रोध भयो र न त पदच्युत हरूको बाटोमा, जो पदच्युत भए।"

यदि ठूलो स्वरको नमाज छ भने "वलज्जाल्लीन" भने पछि ठूलो स्वरमा "अमीन" भन्नुस् (तिरमिजी अबुदाऊद) र मसिनो स्वरको नमाजमा मसिनो स्वरले भन्नु पर्दछ। यस पछि पवित्र कुर्आन को जो पनि सूरः व आयत सजिलो लागोस ठूलो स्वरको नमाजमा ठूलो स्वरले र मसिनो स्वरको नमाजमा मसिनो स्वरले पढ्नु पर्दछ (बोखरी)

## सूरः इखलास :

"कुल होवल्लाहो अहद। अल्लाहुस्समद। लम यलिद वलम युलद व लमयकुल्लहू कुफुवन अहद"।

अर्थ :-

हे पैगम्बर के भनि देऊ भने अल्लाह एक्लै छ अल्लाहलाई केही पनि चाहिंदैन। उ बेन्याज (स्वच्छन्द) छ। उसबाट कोही जन्मे छैन, र न त कसैबाट उ जन्मेको छ। अर्थात उसको

संतान छैन र न त उ कसैको सन्तान हो । र उ जस्तो कोही छैन ।

**रूकुअ** (अर्थात-निहुरिने अवस्थाको बयान) :—

केरात पछि अर्थात सूरः फातेहा र सूरः पछि रूकूअ गर्नु पर्दछ । रूकूअमा निम्नलिखित कुराको ध्यान गर्नु पर्दछ । रूकूअ गर्ने बेलामा अल्लाहो अकबर भनेर रफादैन गर्नु (दुबै हात कांधा सम्म उठाउनु लाई रफादैन भन्दछन्) पर्दछ (मिश्कात)

रूकूअमा कम्मर र टाउको एकदमै सोझो रहुन् यस्तो कि टाउको न तल होस र न माथि होस् र दुबै हातहरू काखिबाट अलग रहनु र दुबै पंजा घुड़ाहरू माथि राख्नु पर्दछ । (बोखारी मुस्लिम)

औंलाहरू घुड़ा माथि राम्रो संग मिलाए र राख्नु पर्दछ । हातहरूलाई सोझो तानेर काखिबाट अलग राख्नु र घुड़ालाई मजबूती साथ समात्नुस् । (अबुदाऊद) र यो दोआ पढ़नुस् ।

## रूकूअको दोआ :—

"सुबहाना रब्बियल अजीम" (३ तीन चोटि)

## अर्थ—

पवित्राको वर्णन गर्दछु आफ्नो महान अल्लाहको (अबुदाऊद)

**कौमाको दोआहरू**-- (अर्थात नमाजमा उभिने अवस्थाको दोआहरू)

रूकूअबाट टाउको उठाउंदै रफादैन (नमाजमा दुबै हातकाँधासम्म उठाउनुलाई भन्दछन्) गर्नु र सोझोउभिनु पर्छ। मुस्ल्ली (नमाजी) यदि इमाम छ त भनोस्।

"समे अल्लाहो लेमन हमेदः"।

## अर्थ :–

अल्लाह उसको स्तुति सुन्यो जसले त्यसको प्रशंसा गर्‍यो।

यदि मुकतदी (इमामको पछि पढ्ने) छ भने त भनोस् "रब्बनालकल हम्दो हम्दन कसीरन तय्येबन मोबारकन फीह"।

## अर्थ :–

हे मेरो अल्लाह तिम्रै निम्ति प्रशंसा छ। धेरै पवित्र प्रशंसा जसमा बरकत दिएको छ।

यदि एक्लै नमाज पढ्छ भने त इमाम को जस्तै दुवै दोआ पढोस्।

## सजदाको बयान :—

रूकूअबाट सजदामा जाने बखत भुइं माथि पहिले दुवै हातहरूलाई राख्नु। यस पछि घुडालाई टेक्नु। (अबुदाऊद)

सजदामा नाक, निधार र दुवै हात जमीन माथि राख्नु। यस किसिमले कि हात तिघ्रा देखि पर रहोस् (बोखारी) र छाती पेट र तिघ्रा जमीन देखि माथि राख्नु (अबुदाऊद) सजदामा सात अंग जमीन माथि हुनु जरूरी छ। निधार, दुवैहात, दुवै

घुड़ा र दुवै खुट्टाको पंजाको तलुवा। (मुस्लिम) यही सजदा पुरुष र स्त्री दुबैको लागि हो। स्त्री को लागि अर्को सजदा साबित छैन्।

## सजदाको दोआहरू :–

(१) "सुबहाना रब्बियल आला" (तीन ३ चोटि)

**अर्थ :—**

"पवित्र छ मेरो महान पालन कर्ता।" (तिरमिजी)

(२) "सुबहानका अल्ला हुम्मा रब्बना व बेहमदे का अल्ला हुम्मगफिरली" (बुखारी, मुस्लिम)

**अर्थ :–**

पवित्र हौ तिमी हे होम्रो अल्लाह हाम्रो पालन कर्ता, हामी तिम्रै प्रशंसा गर्छौं, हे अल्लाह मलाई क्षम्य गरि देऊ।

## जलसए इस्तराहत (पहिलो सजदा पछि बस्नुलाई भन्दछन्) को दोआ :–

पहिलो सजदाबाट टाउको उठाएर बायाँ खुट्टा बिछाएर बस्नुस् र दायाँ खुट्टा ठाड़ो राख्नु, र दायाँ हात दायाँ तिघ्रा माथि र बायाँ हात बायाँ तिघ्रा माथि यस्तो राख्नु कि औंलाहरू किब्ला को तर्फ र घुडा को नजीक होस्। र यो दोआ पढ्नुस्। (नसई)

"अल्ला हुम्मग्फिरली वरहमनी व आफिनी वहदिनो वर जुक्नी"। (तिरमिजी)

**अर्थ :—**

हे अल्लाह मलाई क्षमा गर र म माथि कृपा गर र मलाई शान्ति देऊ र मलाई सन्मार्ग दिखाई देऊ र मलाई भोजन (रोजी) देऊ। (तिरमिजी)

दोस्रो सजदा बाट उठेर पनि जलसए इस्तराहत गर्नु पर्दछ। यो एकरकअत भयो। (बोखारी)

**तशह्हुद** (अत्तहीय्यात) **को दोआ :—**

पहिलो तशह्हुदमा जलसए इस्तराहत जस्तै बसेर यो दोआ पढनु पर्दछ।

"अत्तहीय्यातो लिल्लाहे वस्सलवातो वत्तय्ये बातो अस्सलामो अलैका अय्योहन्नबियो व रहमतुल्लाहे व बरकातुहू, अस्सलामो अलैना व अला इवादिल्लाहिस्सालेहीन, अशहदो अल्ला इलाहा इल्लल्लाहो व अशहदो अन्ना मोहम्मदन अब्दुहू व रसूलोहू"।

**अर्थ :—**

सम्पूर्ण मौखिक र व्यवहारिक प्रार्थना पूजाहरू र पवित्र कुराहरू अल्लाहकै लागि हुन्। शान्ति (सलाम) होस् तिमी माथि हे नबी अल्लाहको दया र कल्याण, र सलाम हो हामी माथि र अल्लाहको (भक्त) अनुयायीहरू माथि म के गवाही दिन्छु भने अल्लाह बाहेक कोही पूजनीय छैन्, र गवाही दिन्छु कि

निःसन्देह मोहम्मद (वहाँ माथि शान्ति होस) अल्लाहको सेवक र रसूल हुन् । (मुत्तफकुन अलैह)

चार रकअतको नमाजहरूमा तशह्हुद पढेर "अल्लाहो अकबर" भन्दै उभिएर रफादैन गर्नु पर्दछ । (बोखारी)

फर्ज नमाजहरूमा तेस्रो र चौथो रकअतहरूमा सूरः फातेहा मात्र पढ्नु पर्दछ । (बोखारी, मुस्लिम)

## आखिरी काअदः (अन्तिम बैठक) :—

अन्तिम काअदःमा बस्नुको विधि यो हो कि दायाँ खुट्टा ठाडो राखेर त्यसका औंलाहरू किब्ला तिर राख्नु र देब्रे खुट्टा पल्टाएर त्यसमाथि बसी राख्नु पर्दछ । यस्तो बस्नालाई "तवरूक" भन्दछन् । फेरि तशह्हुद पछि दरूद शरीफ पढ्नु ।

## दरूद शरीफ :–

"अल्ला हुम्मा सल्ले अला मोहम्मदिंव व अला आले मोहम्मदिन कमा सल्लैता अला इब्राहीमा व अला आले इब्राहीमा इन्नका हमीदुम मजीद । अल्लाहुम्मा बारिक अला मोहम्मदिंव व अला आले मोहम्मदिन कमा बारक्ता अला इब्राहीमा व अला आले इब्राहीमा इन्नका हमीदुम मजीद" । (बोखारी)

## अर्थ :–

हे अल्लाह दया गर मोहम्मद (वहाँ माथि शान्ति होस) र उनका परिवार माथि, जस्तो कि दया गर्‍यो तिमी इब्राहीम र

उनका परिवार माथि निःसन्देह तिमी प्रशंसाको पात्र धेरै महान हौ, हे अल्लाह बरकत उत्रित गर मोहम्मद र उनका परिवार माथि जस्तो कि बरकत गऱ्यो तिमी इब्राहीम र उनको परिवार माथि निःसन्देह तिमी प्रशंसाको पात्र धेरै महान हौ। (बोखारी)

## दरूदशरीफ पछिको दोआहरू :-

(१) "अल्ला हुम्मा इन्नी जलम्तो, नफसी जुलमन कसीरौं वला यगफेरुज्जुनूबा इल्ला अन्ता फग्फिरली मगफेरतम मिन इन्देका वरहमनी इन्नका अन्तल गफुरुर्रहीम"।

## अर्थ :—

हे अल्लाह मैले आफ्नो आत्मामाथि धेरै अन्याय गरेको छु, र यसमा सन्देह छैन कि तिमी बाहेक अरू कोही पापहरू बाट मुक्त गर्न सक्दैन्। यसकारण तिमी आफ्नो विशेष कृपाले मलाई क्षमा गर र म माथि कृपा गर निःसन्देह तिमी मात्र क्षमा गर्न सक्ने धेरै कृपालु छौ,। (बोखारी, मुस्लिम)

(२) "अल्ला हुम्मा इन्नी अउजो बेका मिन अजाबिल कबरे व अउजोबेका मिन फितनतिल मसीहिद्दज्जाले व अउजो बेका मिन फितनतिल महया व फितनतिल ममाति, अल्ला हुम्मा इन्नी अउजो बेका मिनल मअसमे व मिनल मगरमे"। (बोखारी, मुस्लिम)

## अर्थ :—

हे अल्लाह म तिम्रो शरण चाहन्छु कब्रको दुःखबाट र तिम्रो शरण चाहन्छु मसीहिद्दज्जालको उपद्रव बाट र शरण चाहन्छु

जीवन मरण को षड़यन्त्र (फसाद) बाट हे अल्लाह म तिम्रो शरण चाहन्छु पाप र ऋण बाट"।

यस बाहेक अर्को दोआ पनि छ। त्यस मध्ये बाट कुनै पनि एउटा दोआ तशहहुद पढ़े पछि पढ़नुस्। फेरि दायाँ तिर मुख गर्दै भन्नुस्।

"अस्सलामो अलैकुम व रहमतुल्लाहे व बरकातुहू"

**अर्थ :—**

शान्तिहोस तिमी माथि र अल्लाहको दया होस्। र देब्रे तिर मुख घुमाएर पनि भन्नुस्।

"अस्सलामो अलैकुम व रहमतुल्लाहे व बरकातुहू"।

**अर्थ :-**

शान्तिहोस् तिमी माथि र अल्लाहको दयाहोस्।(अबुदाऊद)

## सलाम गरिसके पछि को दोआहरू :—

सलाम फेर्ने बित्तिकै इमाम र मुक्तदी लाई चाहियो कि ठूलो स्वरमो "अल्लाहो अकबर" तीन चोटि भनुन् र तीन चोटि "अस्तग्फेरूल्लाह" पढ़नु पर्छ। (मुस्लिम)

फेरि यो दोआ पढ़नु:—

"रब्बे अइन्नी अला जिकरिका व शुक्रेका व हुसने इबादतेका"

**अर्थ :-**

हे मेरो अल्लाह मेरो मदत गर आफ्नो जप माथि र आफ्नो शुक्र (कृतज्ञता) माथि र आफ्नो राम्रो पूजा माथि।

"लाइलाहा इल्लल्लाहो वह्दहू ला शरीका लहू लहुल मुल्को व लहुल हम्दो वहो वा अला कुल्ले शैइन कदीर"

**अर्थ :-**

अल्लाह बाहेक कोही पूजनीय लायक छैन् उ एक्लै छ। उसका कोही साझी छैन्, उसैको लागि बादशाहियत छ। र उसको लागि हरेक प्रकारको प्रशंसा छ र उ सर्वज्ञाता हो र सबै माथि शासक छ।

"अल्ला हुम्मा ला मानिआ लिमा आतैता वला मूतिया लिमा मनअता वला यनफ़ओ ज़लजद्दे मिनकल जद्द"। (बोखारी, मुस्लिम)

**अर्थ :—**

हे अल्लाह जे सुकै तिमी देऊ त उसलाई कसैले रोक्न सक्तैन र तिमीले रोके पछि त उसलाई कसैले दिन सक्दैन र पूंजी पति (धनवान) हरूका सम्पत्तिले तिम्रो क्रोध र संकष्टबाट कुनै लाभ दिलाउन सक्दैन।

"अल्ला हुम्मा इन्नी अउज़ोबिका मिनल जुबने व अउज़ोबेका मिनल बुख़ले व अउज़ोबेका मिन अर्जलिल उमोरे व अउज़ोबेका मिन फ़ित् नतिद्दुनिया व अज़ाबिल कब्र"। (बोखारी)

**अर्थ :-**

"हे मेरो अल्लाह म तिम्रो शरण चाहन्छु, कायरता बाट र तिम्रो शरण चाहन्छु कृपणताबाट र तिम्रो शरण चाहन्छु

असाध्य रद्दील उमेर (अधम आयु) बाट र तिम्रो शरण चाहन्छु संसार र कब्रको दुःख बाट।"

यी दोआहरू बाहेक ३३ चोटि "सुबहानल्लाह" र ३३ चोटि "अलहम्दो लिल्लाह" र ३३ चोटि "अल्लाहो अकबर" र एक चोटि "लाइलाहा इल्लल्लाहो वहदहू ला शरीका लहू लहुल मुल्को व लहुल हम्दो वहोवा अला कुल्ले शैइन कदीर" पढ़नुस।

यी दोआहरूको अन्तमा आयतल कुर्सी पढ़नुस।

## आयतल कुर्सी

"अल्लाहो लाइलाहा इल्ला होवल हैय्युल कैय्यूम लाता खोजोहू सेनतूँ। वला नोमुन लहू माफिस्समावाते व माफिल अर्ज, मनजल्लजी यशफओ इन्दहू इल्ला बेइजनिही यालमो माबैना ऐदीहिम वमा खलफहुम वला युहीतूना बेशैइम् मिन इल्मेही इल्ला बेमा शाआ वसेआ कुर्सीय्यो हुस्समावाते वल अर्ज। वला यउदुहू हिफ्जोहोमा वहोवल अलीय्युल अजीम।"

## अर्थ :—

अल्लाह बाहेक कोही पूजनीय छैन्। उ सधैं जीवित रहने छ र सबैलाई जोवित राख्न सक्ने सामर्थ्यवान छ। उसलाई निद्रा (ऊँघ) आउँदैन् र न उ सुत्छ, आकास पातालमा भएको समस्त वस्तु उसैको हो। कुन व्यक्ति यस्तो छ जो उस सम्म कसैको शिफारिस उसको अज्ञा बगैर गरोस। उ सर्वज्ञाता हो।

उ सबै जानेको छ। जुन व्यक्तिहरूको सामुन्ने छ र जुन सबैको पछाड़ि छ। मान्छे मिलेर उसको विद्याबाट केही लिन सक्दैनन्। तर जति अल्लाहले चाहोस र उसको कुर्सीले आकाश पृथ्वीलाई आफ्नो बसअतमा लिएको छ र यिनीहरूका हेरचाहले उस लाई थकाई लाउंदैन। उ महान महात्म्य छ।

## वित्रको नमाज :-

वित्रको नमाज एक तशह्हुदको साथै एक व तीन रकअत पढ्नु पर्दछ। अर्थात एक रकअत पढ़े पनि हुन्छ र तीन पढ़े पनि हुन्छ। एक रकअत पढ़दा पनि एकै चोटि अत्ताहीयात, दरूद आदि पढ़ेर सिध्याउनु पर्छ, र तीन रकअत पढ़दा पनि एकै चोटि सबै दोआ अन्तिम रकअतमा पढ़ेर सलाम फेर्नु पर्छ। वित्र रातीको अन्तिम नमाज हो। वित्रको अन्तिम रकअतको रूकू पछि खड़ा भएर दोआएकोनूत पढ़ेर सजदामा जानु पर्छ।

## दोआए कुनूत :—

अल्ला हुम्महदिनी फीमन हदैत, व आफेनी फीमन आफैत, व तवल्लनी फीमन तवल्लैत, व बारिकली फी मा आतैत, वकिनी शर्रमा कजैत, फइन्नका तक्जी वला युक्जा अलैक। इन्नहू लायजिल्लो मौंवालैत, वला यइज्जो मन आदैत, तबारक्ता रब्बना व तआलैत, नसतग्फेरोका व नतूबो इलैक, वसल्लल्लाहो अलन्नबीय्ये"। (तिरमिजी)

## अर्थ :—

हे मेरो अल्लाह मलाई सन्मार्ग देखाई देऊ। उनीहरूको समूहमा जसलाई तिमी सोझो बाटो देखायो, र मलाई शान्ति देऊ उनीहरूमा, जसलाई तिमीले मित्र बनाएका छौ, र बरकत (बढ़ोत्तरी) देऊ मलाई उस चीजमा जुन मलाई प्रदान गरेका छौ, । र बचाऊ मलाई उस उपद्रवबाट जसको तिमीले फैसला गरेका छौ। तिमी नै फैसला गर्छौ। तिमी माथि कसैको फैसला छैन्। जसलाई तिमी मित्र राख उसलाई कसैले बेइज्जत गर्नेवाला छैन्, र जसलाई तिमी शत्रु बनाई देऊ, उसलाई कसैले मान दिन सक्दैन्। अनन्त दाता छौ तिमी हे मेरो अल्लाह, र सर्वश्रेष्ठ छौ, म तिमी बाट क्षमा चाहन्छु, र तिमीबाट तौबः सपथ गर्छु, र दरूद व रहमत नबी मुहम्मद (वहां माथि अल्लाहको शान्ति होस्) सल्लल्लाहो अलैहे वसल्लम माथि होस्। (तिरमिजी)

## वित्र पछिको दोआ :—

वित्रको सलाम फेरे पछि तीन चोटी भन्नु पर्छ "सुबहानल मलेकिल कुद्दूस" तेस्रो चोटि चाहिं ठूलो स्वरले भन्नु पर्छ। (अबुदाऊद)

## कुनूते नाजेलः–

युद्ध, दुर्घटना र शत्रुको भयको अनुभवको बेला यो दोआलाई कुनूतमा पढ़नु पर्छ।

"अल्ला हुम्मगफिरलना व लिलमोमेनीना वल मोमेनाते वल मुस्लेमीना वल मुस्लेमाते व अल्लिफ बैना कुलूबिहिम व अस्लिह जाता बैनहुम वन सुरहुम अल। अदूव्वेका व अदूव्वेहिम। अल्ला हुम्मल अनिल कफरतललजीना यसुद्दूना अन सबीलिक, व योकज्जेबूना रोसोलक, व युकातेलूना अवलियाअक, अल्ला हुम्मा खालिफ बैना कलेमतेहिम व जलजिल अकदामहुम व अनजिल बिहिम बासकल्लजो ला तरद्दूहू अनिल कौमिल मुजरेमीन। अल्ला मुम्मा इन्ना नजअलोका फीनोहूरेहिम व नऊजोबिका मिन शोरूरेहिम"। (हिसने हसीन)

## अर्थ :—

हे अल्लाह क्षमा देऊ मलाई र इमानदार पुरुष र ईमानदार स्त्रीहरूलाई र मुसलमान पुरुष र मुसलमान स्त्री-हरूलाई र उनीहरूका हृदयमा प्रेम उत्पन्न गरिदेऊ, र उनी-हरूमा मिलापत्र गराई देऊ, र आफ्नो र उनको शत्रुहरू माथि उनीहरूको सहायता गर। हे अल्लाह ती काफिरहरूमाथि धिक्कार (लअनत) गर। जुन तिम्रो बाटो बाट रोक्छन र तिम्रो रसूललाई झूठो बनाउँछन र तिम्रो भक्तहरू संग युद्ध गर्छन्। हे अल्लाह तिनीहरूको बीचमा फूट गरिदेऊ र तिनीहरूको खुट्टा डगमगाई देऊ र तिनी माथि आफ्नो त्यो संकष्ठ दुःख अवतरित गर, जसलाई तिमी अपराधीहरू (अत्याचारहरू) बाट हटाउँदैनौं। हे अल्लाह हामी तिमीलाई उनीहरूको सामूमा (मुकाबिलमा) गर्छौं र उनको उपद्रवबाट तिम्रो शरण चाहन्छौ।

## नमाजको आवश्यक समस्याहरू :—

(१) समूहको साथ नमाज पढ़नाले सत्ताइस दर्जा उत्तम छ। (बोखारी, मुस्लिम)

(२) इमामको साथ एउटा मानिस पनि भए त सामूहिक नमाज हुनसक्छ। (बोखारी व मुस्लिम)

(३) पंक्तिहरूलाई सोझो गर्नाले नमाज पूरा हुन्छ। (तिरमिजी)

(४) पंक्तिहरूको बीचमा रितो ठाउँ छोड़नु हुँदैन। (अबुदाऊद)

(५) यात्रु चार रकअतको नमाजलाई कस्र (कम) गरेर आधा पढ़नु पर्दछ। (मसनद)

(६) यात्रामा दुई बखतको नमाज एउटैमा पढ़न जायज छ। (मसनद अहमद)

(७) नमाजी (मुस्ल्ली) बिर्सेर नमाज कम व ज्यादा पढ़नाले सजदा सहू गर्नु मसनून (उचित) छ।

(८) सजदा सहू सलाम फेर्नु भन्दा पहिले गर्नु पर्दछ। (बोखारी)

## जुमाको बयान :—

जुमाको फर्ज नमाज दुई रकअत अनिवार्य छ। जुमाको समय जोहर को समय हो। (बोखारी) गाउँ र शहर सबै ठाउँमा जुमा अनिवार्य छ जुमाको खुत्बा वजिब छ। जुमाको दिन खुत्बा भन्दा अधि जति रकअत पनि सुन्नत पढ़न सकिन्छ। जुमा पछि चार रकअत सुन्नत पढ़नु (बेश) उत्तम हो, र दुई

रकअतमा पनि खतम गर्न जायज छ। यदि दुई रकअतमा खतम गर्नु छ भने त घरमा गएर पढ्नाले अति उत्तम हो।

जुन व्यक्ति अजान पछि मस्जिदमा आओस् र इमाम खुत्बा दिइरहेछ भने त उसलाई के चाहियो भने दुई रकअत सुन्नत पढेर खुत्बा सुन्नु पर्दछ।

## चाड़ (ईद र बकर ईद) को नमाज :—

ईदको नमाज दुई रकअत सुन्नत मवक्केदः मात्र अनिवार्य छ। ईदहरू को नमाज बिहानै सबेरै सूर्य उदाउँने बित्तिकै पढ्नु उत्तम हो, ईदको नमाज का लागि न अजान भन्नु पर्दछ, र न अकामत। (मुत्तफकुन अलैह)

ईदको पहिलो रकअतमा तकबीर तहरीमा पछि सात तकबीर र दोस्रो रकअतमा केरात भन्दा पहिले पाँच तकबीर-हरू भन्नु पर्दछ। प्रत्येक तकबीर को साथै रफादैन गर्नु पर्दछ। ईदको नमाज भन्दा अघि व पछि कुनै सुन्नत र नफिल नमाज पढ्नु पर्दैन।

ईदगाह जाँदा र फर्केर आउँदा ठूलो स्वरले यो तकबीर पढ्नु पर्दछ।

## ईदको तकबीर :—

"अल्लाहो अकबर, अल्लाहो अकबर लाइलाहा इल्लल्लाहो वल्लाहो अकबर अल्लाहो अकबर व लिल्लाहिल हम्द"।

## अर्थ :—

अल्लाह सबै भन्दा महान हो, अल्लाह सबै भन्दा महान हो। अल्लाह बाहेक कोही पूजनीय छैन्, अल्लाह सबै भन्दा महान हो अल्लाह सबै भन्दा महान हो। र सबै प्रशंसा अल्लाहको लागि हो।

## नमाज जनाजहको वर्णन :—

नमाज जनाजह बिना रूकूअ, सजदः को पढ़िन्छ।

नमाज जनाजहको निम्ति सबै नमाजहरू जस्तै पवित्रता, वजू किब्लाको तर्फ हुनु, शरीर ढाक्नु, नियत गर्नु, आवश्यक छ। जनाजहमा चार तक्बीर भन्नु पर्दछ। जनाजहमा सूरः फातेहा पढ़नु आवश्यक छ। (बोखारी)

## नमाज जनाजह को दोआ र पढ़्ने विधि :-

पहिलो तक्बीर पछि "सूरः फातेहा" र कुनै अर्को सूरः मिसाएर पढ़नु पर्दछ। (बोखारी)

दोस्रो तकबीर पछि "दरूद शरीफ" पढ़नु पर्दछ तेस्रो तक्बीर पछि निम्न लिखित दोआहरू पढ़नुस्।

(१) "अल्ला हुम्मग्फिर लेहय्येना व मय्यतेना व शाहेदेना व गायेबेना व सगीरेना व कबीरेना व जकरेना व उनसाना। अल्ला हुम्मा मन अहययतहू मिन्ना फअहयेही अलल इस्लाम व मन तवफ्फैतहू मिन्ना फतवफ्फहू अलल ईमान। अल्ला

हुम्मा ला तहरिमना अजरहू वला तफतिन्ना बअवहू"। (मुस्लिम)

हे अल्लाह मुक्त गरि देऊ हाम्रो जीवित र मृतकलाई र हाम्रो हाजिर र गायबलाई र हाम्रो साना र ठूलालाई र हाम्रो पुरुष र स्त्रीलाई। हे अल्लाह म मध्ये जसलाई तिमी जीवित राख उसलाई इस्लाम माथि जीवित राख, र जसलाई मृत्यु देऊ त इमान माथि मृत्यु देऊ हे अल्लाह मलाई यिपुण्यहरू बाट निराश न राख्नु र यस पछि हामीलाई उपद्रवमा न हाल्नु।

(२) "अल्ला हुम्मग्फिरलहू वरहमहू व आफेही वअफो अन्हो व अकरिम नुजोलहू व वस्से मदखलहू वग्सिलहो बिलमाए वस्सलजे वल बरद, व नक्किहो मिनल खताया कम युनक्कस सौबुल अबअयो मिनद्दनसे, व अबदिलहो दारन खैरम मिन दारेही व अहलन खैरम् मिन अहलेही व जौजन खैरम् मिन जौजिही व अदखिलहुल जन्नता व अइजहो मिन अजाबिल कब्रे व अजाबिन्नार"। (मुस्लिम)

## अर्थ :–

हे अल्लाह यसलाई बख्शदेऊ, र यस माथि दया गर र यसलाई शान्ति देऊ, र यसलाई क्षमा गरिदेऊ, र यसको अतिथि-सत्कार सम्मान पूर्वक गर, र यसको चिहान (कब्र) लाई फराकिलो गरिदेऊ, र यसको पापलाई पानी, हिउँ र असिनाले धोई देऊ,

उसलाई अपराध (पाप) बाट यस्तो स्वच्छ गरिदेऊ, जस्तो सेतो लुगा फोहर बाट सफा गरिन्छ र उसको घर भन्दा राम्रो घर साटि देऊ र उसको परिवारहरू भन्दा राम्रो परिवार साट देऊ, र उसको स्वास्नी भन्दा राम्रो जोड़ा देऊ, र उसलाई जन्नत (स्वर्ग) मा प्रवेश गरिदेऊ, र उसलाई कब्र को दुःखबाट र नरकबाट बचाऊ"। (मुस्लिम)

यदि बच्चाको जनाजह छ भने त तेस्रो तक्बीर पछि "अल्ला हुम्मग्फिरले हय्येना व मय्येतेना" पढ़ेर यो दोआ पढ़नु पर्दछ।

"अल्ला हुम्मज अल्हो लना सलफौं व फरतौं व जुखरा"। (बोखारी)

अर्थ :–

"हे अल्लाह उसलाई हाम्रो निम्ति अघिगरेको र पुण्यको मूल कारण बनाइ देऊ"।

फेरि हात बांधे के अवस्थामा पहिले दायां तिर मुख गरेर भनोस "अस्सलामो अलैकुम व रहमतुल्लाहे व बरकातुहू" फेरि बायाँ तिर मुख गरेर भनोस् "अस्सलामो अलैकुम व रहमतुल्लाहे व बरकातुहू"।

यदि पुरुषको जनाजह होस् त इमाम मृतकको टाउकाको सामुन्ने उभिनु पर्दछ। यदि स्त्रीको जनाजह छ भने त इमाम मृतकको बीचमा उभिनु पर्दछ। (अबुदाऊद)

كتب الجاليات ١٠/٢

# كيفية الصلاة

المؤلف
مختار أحمد الندوي

إعداد
قسم الجاليات بمكتب الدعوة بالسلي

نيبالي ٦١٠١٠٠٣

مكتب الدعوة بالسلي
هاتف :٢٤١٠٦١٥-٢٤١٤٤٨٨ تحويلة ناسوخ ٢٣٢